# सात

# बाल-भित्तेपत्रिका

अहिले बालबालिकाहरू पनि पत्रकारितामा संलग्न छन् भन्दा आश्चर्य मान्नु पर्ने समय छैन । तर यो संलग्नता पेशाका रूपमा नभएर बालबालिकालाई समुदायप्रति जिम्मेवार बनाउँदै लाने उद्देश्यबाट अभिप्रेरित छ र यो उद्देश्य प्राप्तिका लागि बालबालिकाले बाल-भित्तेपत्रिकालाई माध्यम बनाएका छन् । हुन त भित्तेपत्रिकाको प्रारम्भ कहिले, कसले र किन गरे भन्ने प्रश्नको उत्तर खोज्न सजिलो छैन । तर विशेषतः क्याम्पसहरूमा विभिन्न विद्यार्थी समूह, स्वतन्त्र विद्यार्थी यूनियन आदिले आफ्ना कुरा विद्यार्थीसमक्ष प्रस्तुत गर्नका लागि भित्तेपत्रिकाको प्रयोग धेरै अघिदेखि गर्दै आएका छन् । बाल-भित्तेपत्रिका सम्बन्धी थुप्रै लेख लेख्ने युवा लोकेन्द्र शाक्यका अनुसार मोरङको पहिलो बाल-भित्तेपत्रिका *आवाज* (मासिक) वि.सं. २०४७ मा जनसेवा माध्यमिक विद्यालय, वयरवनका विद्यार्थीले प्रकाशित गरेका थिए र पछि सो पत्रिकाको नाम परिवर्तन गरी वि.सं. २०५२ मा *दियालो* राखिएको थियो ।

नेपालमा बाल-भित्तेपत्रकारिताको सुरुवात कोशी अञ्चलको धरानबाट भएको मानिन्छ । क्षेत्रीय सञ्चार स्रोत केन्द्र, विराटनगर र धरानस्थित सुनसरी सञ्चार विकास केन्द्रको संयुक्त आयोजनामा २०५३ सालको हिउँदताका धरानमा पहिलोपटक बालबालिकाहरूलाई बाल-भित्तेपत्रिका प्रकाशनका लागि तालिम दिइएको थियो । सोही तालिमपछि धरान नगरपालिकाको सहयोगमा धरान नगरक्षेत्रमा बालबालिकाहरूले बाल-भित्तेपत्रिकाको प्रकाशन थालेका थिए । त्यसपछि मोरङको विराटनगरमा पनि बालबालिकाहरूलाई बाल-भित्तेपत्रिका प्रकाशनका लागि अग्रसर तुल्याउने उद्देश्यले २०५४ पुस-माघतिर विराटनगर उपमहानगरपालिकाको संयोजन, यूनिसेफको सहयोग र नेपाल मानवअधिकार तथा वातावरण मञ्च (फरेन) को सक्रियतामा पहिलोपटक बाल-भित्तेपत्रिकाको तालिम दिइयो । सो तालिममा विराटनगर उपमहानगरपालिका

वडा नं. ४, ७, ११ र २१ स्थित पाँचवटा माध्यमिक विद्यालयका विद्यार्थीहरू सहभागी भएका थिए । सो तालिमपछि ती चारवटै वडाबाट बाल-भित्तेपत्रिका प्रकाशन हुन थाले । तर यो दिगो भने हुन सकेन । यसपछि युनिसेफकै सहयोगमा मीना सञ्चार अभियानअन्तर्गत २०५७/२०५८ मा मोरङका १० वटा माध्यमिक विद्यालयमा बाल-भित्तेपत्रिका प्रकाशित भए (शाक्य २०५९) ।

विराटनगरमा यसरी सुरु भएको बाल-भित्तेपत्रिकाको तालिम यसपछि विभिन्न गैरसरकारी संस्थाहरूको सक्रियतामा मोरङका विभिन्न गाउँ विकास समितिहरूमा विस्तार हुँदै गयो र आज यो एक रचनात्मक अभियानको रूपमा देखिएको छ । सुरुमा जिल्ला विकास समिति मोरङको सहयोगमा नेपाल मानव अधिकार तथा वातावरण मञ्च (फरेन)को मात्र संलग्नता रहेकोमा अहिले आएर प्लान नेपालको सहयोगमा हेल्प नेपाल, उर्लाबारीद्वारा पनि यो अभियानलाई महत्त्वपूर्ण सहयोग पुऱ्याइएको छ । मोरङ जिल्लाका विभिन्न गाउँ विकास समितिहरूमा प्लान नेपालको सहयोगमा हेल्प नेपालद्वारा गठित बाल क्लबहरूका माध्यमबाट अहिले थुप्रै बाल-भित्तेपत्रिका निस्कन थालेका छन् । यस्ता बाल-भित्तेपत्रिकामा *बालकल्याण, बालस्पर्श, बालचेतना, बालआवाज, बालप्रयास, कोपिला, बालविकास, बालप्रतिभा, बालकोपिला, बालज्योति, बालअनुरोध, बालशिक्षा, नवकिरण, जनतारा, सयपत्री, बालरचना, मनकामना, बालसन्देश, पालुवा, नवबिहानी, बालअधिकार सञ्चार, बालइन्द्रेनी, बालटाइम्स* लगायत थुप्रै छन् । शाक्यका अनुसार २०५९ सालसम्ममा मोरङ जिल्लाबाट निस्केका बाल-भित्तेपत्रिकाको सङ्ख्या ७० छ ।

बाल-भित्तेपत्रिकाको प्रकाशनबाट बालबालिकाहरूको चेतनास्तर वृद्धि हुनुका साथै सामूहिक रूपमा काम गर्ने भावनाको विकास, गाउँघरका राम्रा र नराम्रा कुराहरूको पहिचान गर्ने क्षमता, सामाजिक उत्तरदायित्वबोध, भाषा र साहित्यप्रतिको लगावमा अभिवृद्धिलगायतका फाइदा बालबालिकाले प्राप्त गरेका छन् । यो अत्यन्त महत्त्वपूर्ण उपलब्धि हो । तर अहिले निस्किरहेका बाल-भित्तेपत्रिका हेर्दा उनीहरूलाई अझै तालिमको आवश्यकता देखिएको छ । विशेषतः योग्य प्रशिक्षकको माध्यमबाट मात्रै तालिम दिने प्रक्रियाको थालनी, बेलाबेलामा पुनर्ताजगी तालिमको व्यवस्था र बाल-भित्तेपत्रिकासँग सम्बद्ध बालपत्रकारहरूको भेला बोलाई आ-आफ्नो समस्याको पहिचान र समाधान गर्ने उपायबारे अन्तर्क्रियाको व्यवस्थाको खाँचो छ ।

